आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या :१३

आज मिति २०८०/१२/१३ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री बालकृष्ण पौडेल कम्प्युटर अपरेटर
श्री नुरध्वज गुरुङ कार्यालय सहयोगी

CamScanner

(मिति २०८०/१२/१३)

<u>प्रस्ताव नं</u>. १ कर्मचारी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १८(१) बमोजिम गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८(क) मा उल्लेख भएको अधिकृत तहको कर्मचारीलाई नियुक्तिपत्र दिने गाउँकार्यपालिकाको अधिकार गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने तथा अधिकृतस्तरको कर्मचारी नियुक्ति भएपश्चात बस्ने कार्यपालिका वैठकवाट उक्त नियुक्तिलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

<u>प्रस्ताव नं</u>. २ कृषक अनुदानका लागि थप लाभग्राही सिफारिस सम्बन्धमा।

निर्णय नं. २

विरुवा गाउँपालिका कृषक अनुदान छनोट समितिद्धारा मिति २०८०/१०/०७ गते कार्यपालिका समक्ष सिफारिस भई अनुदानका लागि छनोट भएका २० वटा कृषि तथा पशुपंक्षी फर्ममध्ये वेमौसमी तथा सुन्तला नर्सरी फर्म कृषि ज्ञान केन्द्रबाट समेत अनुदानका लागि सिफारिस भई दोहोरोपना पर्न गएकोले उक्त फर्मले कृषि ज्ञान केन्द्रको कार्यक्रममा सहभागी हुनेगरी विरुवा गाउँपालिकाको अनुदान कार्यक्रममा सहभागी नहुने लिखित निवेदन कार्यालयमा पेश गरेकोले उक्त बेमौसमी तथा सुन्तला नर्सरी फर्मलाई अनुदान लाभग्राहीवाट हटाई विरुवा गाउँपालिका कृषक अनुदान छनोट समितिको सिफारिसमा विरुवा गाउँपालिका वडा नं. ७ स्थित श्री जुनेली कृषि आमा समूहलाई अनुदान कार्यक्रमका लागि समावेश गर्ने निर्णय सर्वसम्मतिले गरियो।

<u>प्रस्ताव नं</u> ३ .गाउँपालिकाको प्रशासकीय भवनको अन्तिम विल भुक्तानी सम्बन्धमा।

निर्णय नं. ३

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/०३/३० मा भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/AB/003/2076/77) भई निर्माण कार्यसम्पन्न भएको प्रशासकीय भवनको गुणस्तर तथा परिमाणको अनुगमन गर्दा प्राविधिक लगत ईस्टिमेट अनुसार नै कार्यसम्पन्न भएको पाईएकोले प्राविधिक शाखाबाट तयार अन्तिम मूल्याङ्कनको विलअनुसारको रकम रु ८,२७,८९,३६०.१७/- (vat, PS र Contengencies समेत) भुक्तानीका लागि सिफारिस गर्ने निर्णय सर्वसम्मतिले गरियो।

<u>प्रस्ताव नं</u> .४ प्रर्दशनी मेलाको खर्च अनुमोदन सम्बन्धमा।

निर्णय नं. ४

विरुवा गाउँपालिकाको आयोजनामा मिति २०८०/११/२४ गते विरुवा गाउँपालिका वडा नं. १ स्थित कृषि उपज संकलन केन्द्रमा सम्पन्न प्रर्दशनी मेलामा पुरस्कार लगायत व्यवस्थापनमा भएको एकमुष्ठ खर्च रकम रु ६८,६६०/- अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

<u>प्रस्ताव नं .५</u> खानेपानी मूल दर्ताका लागि स्वीकृती प्रदान गर्ने सम्वन्धमा।

<u>निर्णय नं. ५</u>

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निवेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

CamScanner

तपसिलः

- ललाङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा ८, ओतर्के तिरतिरेधारा खानेपानी मूल
- घोप्टे खिर्दोपाखा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा ४, खिर्दोपाखा खानेपानी मूल
- कार्कीडाँडा सानोमोचाबारी मालमूल खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा १, बुढोलोसे (पर्दुखोल्सा) खानेपानी मूल, जोखला खानेपानी मूल,

<u>प्रस्ताव नं .६</u> विरुवा गाउँपालिकाको खानेपानी तथा सरसफाई (वास) योजना निर्माण सम्वन्धमा।

<u>निर्णय नं. ६</u>

विरुवा गाउँपालिका कार्यालय, गण्डकी प्रदेश सरकार उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र खानेपानी तथा ढल व्यवस्थापन विभागसंग भएको त्रिपक्षीय सम्झौता बमोजिम विरुवा गाउँपालिकाको खानेपानी तथा सरसफाई (वास) योजना निर्माण सम्बन्धमा तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो।

तपसिल :

- विरुवा गाउँपालिका कार्यालय, गण्डकी प्रदेश सरकार उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र खानेपानी तथा ढल व्यवस्थापन विभागसंग भएको त्रिपक्षीय सम्झौता बमोजिम खानेपानी तथा सरसफाई (वास) योजना निर्माणका लागि प्रारम्भिक तथ्याङ्क संकलन देखी योजना निर्माण सम्मका प्रक्रियामा गाउँपालिकाले गर्नुपर्ने भनी उल्लेख गरिएका समन्वय, सहजीकरण, अनुगमन लगायतका जिम्मेवारीहरु कार्यान्वयन तथा सम्झौता अनुरुपको आर्थिक साझेदारी सुनिश्चितता गर्ने निर्णय गरियो।
- वास योजना निर्माण प्रयोजनार्थ खानेपानी तथा ढल व्यवस्थापन विभागको मोवाईल एप्लिकेशन NWASH/MIS प्रयोग गरेर तथ्याङ्क संकलन गर्न कार्यक्षेत्रमा खटाईएका तथ्याङ्क संकलक हरुलाई वडा तथा टोलस्तरमा तथ्याङ्क संकलनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं. ७.</u> विविध ।

निर्णय नं. ७

क. विरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | विरुवा बजार मेला-२०८० | कार्यक्रम खर्च (५४) | ३०,०००।- | |
| २. | स्याङ्जा किचानास कल्याणकारी समाज (स्वास्थ्य शिविर संचालनका लागि) | कार्यक्रम खर्च (५४) | ५०,०००।- | |

ख. विरुवा गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८०/१०/१८ गतेको बैठकको सिफारिस वमोजिम आ.व. २०८०/८१ को संघिय सर्सत कार्यक्रम अन्तर्गतको विज्ञान प्रयोगशाला श्री जनप्रिय माध्यमिक विद्यालय विरुवा-६ र पुस्तकालय श्री दिव्य प्रकाश माध्यमिक विद्यालय विरुवा-४ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

CamScanner